**नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवाल को १९ औं वार्षिक साधारण सभाको उद्घाटन कार्यक्रममा बोल्दै**

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यू,
माननीय उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री श्री दिलेन्द्रप्रसाद बडूज्यू,
माननीय मन्त्रीज्यूहरू,
माननीय सांसदज्यूहरू,
परिसंघका अध्यक्ष एमिरेट्स माननीय श्री बिनोद चौधरीज्यू,
राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. विश्वनाथ पौडेलज्यू,
आयोगका माननीय सदस्यज्यूहरू,
पूर्वमन्त्रीज्यूहरू,
मुख्यसचिवज्यू, सचिवज्यूहरू,
महामहिम राजदूतज्यूहरू,
विभिन्न निजी क्षेत्रका संघसंस्थाका अध्यक्ष, पूर्वअध्यक्ष, उपाध्यक्ष एवं पदाधिकारीज्यूहरू
नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीज्यूहरू,
परिसंघका पूर्व अध्यक्षज्यूहरू तथा अग्रज सहकर्मी उद्योगी-व्यवसायीहरूज्यूहरू,
आमन्त्रित विशिष्ट व्यक्तित्वज्यूहरू,
परिसंघका सदस्यज्यूहरू
पत्रकार मित्रहरू,

यस सभामा उपस्थित सबै हाम्रा अतिथिज्यूहरूलाई हार्दिक स्वागत गर्दछु।

१. नेपाल उद्योग परिसंघको १९ औँ वार्षिक साधारण सभामा आफ्नो व्यस्त समयका बाबजुद हाम्रो आतिथ्यतालाई स्वीकार गरी पाल्नु भएकोमा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु र मेरो व्यक्तिगत एवं परिसंघको तर्फबाट हार्दिक स्वागत गर्दछु। सम्माननीय प्रधानमन्त्रीज्यूको आजको यस गरिमामय उपस्थितीले निजीक्षेत्रको विकासमा यहाँको अटूट प्रतिवद्धता पुनः एकपटक पुष्टी गरेको

छ। यसबाट निःसन्देह नेपाल उद्योग परिसंघसँग आवद्ध हामी सबै र निजी क्षेत्रको मनोबल बढाएको हामीले महसुस गरेका छौ।

२. नेपाल उद्योग परिसंघ मुलुकको आर्थिक एवं उद्योग व्यवसायको विकासका लागि निजी क्षेत्रको क्रियाशील प्रतिनिधिमुलक संस्थाको हैसियतले नेपाल सरकार, विकासका साझेदार, सम्पूर्ण औद्योगिक-व्यावसायिक संघ संस्थाहरूसँग सहयोगी र साझेदार भई सधैँ हातेमालो गर्दै नेपालको उद्योग व्यवसायको प्रवर्द्धनमा निरन्तर अगाडि बढिरहेको छ। सक्रिय भूमिका र Stakeholders को विश्वासले परिसंघ नेपाल सरकार, विकास साझेदारहरुका साथै सम्पूर्ण उद्योगी व्यवसायीहरुको भरोसायुक्त संस्था बन्न सकेको छ। परिसंघले हालसम्म प्राप्त गर्न सकेको सफलता एवं साख नेपाल सरकार, राजनीतिक दलहरू, नीति निर्माता, विकासका साझेदार, अग्रज उद्योगी व्यवसायीहरू, नागरिक समाज, परिसंघका सदस्यहरू, सञ्चार माध्यमको निरन्तर साथ र सहयोगको प्रतिफल हो। यहाँहरूको यही विश्वासले हाम्रो भूमिकालाई अझ सशक्त तवरमा अघि बढाउन हामीलाई सधै उत्प्रेरित गरिरहने विश्वास दिलाउन चाहन्छु। यसको लागि म सबैमा हार्दिक आभार व्यक्त गर्दछु।

**सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरू, अतिथिज्यूहरू,**

३. यस गरिमामय उपस्थिति समक्ष म परिसंघका महत्वपूर्ण गतिविधिहरूलाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

(क) नेपाल उद्योग परिसंघले सन् २०२१ देखि नेपाल सरकारसँगको साझेदारीमा 'मेक इन नेपाल-स्वदेशी' बहुवर्षीय अभियान संचालन गरिरहेको छ। घरेलु औद्योगिक उत्पादन वृद्धि गरी नेपाली वस्तु तथा सेवाको पहुँच राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा पुऱ्याउने यस अभियानको मुख्य लक्ष्य रहेको छ। परिसंघले यसै उद्देश्य प्राप्तिका लागि गत जेठ ९ गते मेक इन नेपाल सम्मेलन सम्पन्न गरिसकेको जानकारी गराउन चाहन्छु। वस्तु र सेवाहरूको उच्च गुणस्तर एवं उचित मूल्यको मानाङ्क कायम गर्न निश्चित मापदण्ड र प्रक्रिया सहित छुट्टै स्वदेशी लोगो प्रयोगमा ल्याइएको छ। स्वदेशी अभियानमा जोडिएका उद्योगहरूका लागि नीतिगत वकालत गर्ने, नेटवर्किङ र बजारीकरणमा सहयोग गर्ने, स्वदेशी उत्पादनको प्रबर्द्धन गर्ने, कामदारहरूको सीप अभिबृद्धि गर्ने जस्ता काममा परिसंघले सहयोग गर्दै आएको छ। परिसंघले यस

अभियानमार्फत् निश्चित अवधिमा निम्न उपलब्धी हासिल गर्ने लक्ष्य राखेको पुनः स्मरण गराउन चाहन्छु।

- वार्षिक १ लाख ५० हजार औद्योगिक रोजगारी सिर्जना गर्ने,
- उद्योग विभागमा वार्षिक १ हजार नयाँ उद्योग दर्ता गर्ने वातावरण बनाउने,
- ५ वर्षमा निर्यात ४.६ अर्ब अमेरिकी डलर पुऱ्याउने,
- सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशतमा पुऱ्याउने।

हामीलाई के कुरामा हर्ष लागेको छ भने हालसम्म 'मेक इन नेपाल-स्वदेशी' बहुवर्षीय अभियानमा करिब २ खर्बको कारोबार गरिरहेका र १५ हजार भन्दा बढीलाई रोजगारी दिइरहेका ६२ स्वदेशी कम्पनीहरू आवद्ध भइसकेका छन्।

यस अवसरमा आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्दै स्वदेशी अर्थतन्त्र बलियो बनाउने यो महाअभियानमा जोडिन सम्पूर्ण स्वदेशी उत्पादकहरूलाई आह्वान गर्न चाहन्छु।

(ख) राष्ट्रले उद्योग व्यवसायको विकासमा निजी संघ संस्थाको अहम् भूमिकालाई मनन् गरे अनुरूप परिसंघले आफ्नो संरचनालाई क्रमशः विस्तार गर्दै लगिरहेको छ। हाल परिसंघका केन्द्रसहित सातै प्रदेश र प्रादेशिक कार्यालयहरू एवं उद्योगहरूको प्रभुत्व भएका जिल्लाहरूमा उद्योग संगठन मार्फत् व्यवसायको प्रवर्द्धनमा सक्रिय रहेका छन्।

(ग) परिसंघले नेपाल सरकारबाट उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमती पाएको छ। परिसंघले भारत, साफ्टालगायत तेस्रो मुलुकका लागि नेपाल सरकारले सञ्चालनमा ल्याएको Online Platform 'Nepal National Single Window' मार्फत उत्पत्तिको प्रमाणपत्र जारी गर्न सुरुवात समेत गरिसकेको छ। त्यसैगरी प्रदेश तथा जिल्लाबाट समेत उत्पत्तिको प्रमाणपत्र जारी गर्ने कार्य आरम्भ गरिसकेको समेत जानकारी गराउन चाहन्छु। यस कार्यलाई कुशल ढंगले सम्पादन गर्न परिसंघ प्रतिवद्ध छ। साथै, निर्यातकर्ता व्यवसायी साथीहरूलाई उत्पत्तिको प्रमाणपत्र जारी गर्न तथा निर्यातका अन्य आवश्यक विषयमा सहजीकरण गर्न परिसंघ सदैव तत्पर रहने विश्वास दिलाउन चाहन्छु।

(घ) बेरोजगारी नेपालको आर्थिक विकासमा प्रमुख चुनौतीको रूपमा रहेको छ। परिसंघले अनुभूत गरेको बेरोजगारीको महत्वपूर्ण कारणहरू मध्ये एक सीप तथा दक्षताको कमी

पनि हो। बेरोजगारी न्यूनिकरणमा सघाउने प्रतिबद्धताका साथ नेपाल उद्योग परिसंघले सीप- Skill Nepal अभियान सुरु गरेको छ। उद्योगहरूमा कामदारहरूको सिप विकास, रोजगारी सुनिश्चितता, उद्योगको उत्पादकत्वमा वृद्धि गर्न UKAID SEEP को सहयोग तथा साझेदारीमा परिसंघले आफ्ना आवद्ध सदस्य उद्योगहरूमा तालिम संरचना, पाठ्यक्रम विकास र Apprenticeship कार्यक्रम सुरु गरेको छ। यस कार्यक्रममार्फत करीव चार हजार प्रशिक्षार्थीहरूलाई १७ प्रकारका तालिम प्रदान गरी रोजगारी दिने लक्ष्य राखिएको छ। त्यसैगरी नेपाल सरकारको Apprenticeship कार्यक्रममा नेपाल उद्योग परिसंघमार्फत ८ वटा उद्योगहरूसँग करीव ९ सय कामदारलाई तालिम दिई रोजगारी दिने त्रिपक्षीय सम्झौता समेत भईसकेको छ।

(ङ) युवाहरू नै देशका भविष्य हुन्। नेपाल उद्योग परिसंघले युवा उद्यमीहरूलाई प्रोत्साहन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्दै आएको छ। राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा परिसंघको युवा उद्यमी मञ्चमार्फत गत असार ११ गते StartUp Fest 2022 सम्पन्न गरिएको छ। नेपालकै सबैभन्दा ठूलो स्टार्टअप फेस्टमा देशभरबाट ३०० बढी परियोजनामा लगानीका लागि प्रस्ताव आएको थियो। ३०० परियोजनामध्ये उत्कृष्ठ १० मा पर्न सफल परियोजनालाई StartUp Fest को मुख्य कार्यक्रममा प्रस्तुती गर्ने अवसर दिइएको थियो। परियोजनाको प्रस्तुती पछि ५ वटा कम्पनीले ७ वटा स्टार्टअप परियोजनामा २४ करोड ५० लाख रुपैयाँ लगानीको प्रारम्भिक सम्झौता गरेका छन्। यसबाट के कुराको पुष्टि भएको छ भने कसैसँग पनि नविन सोच छ भने लगानीकर्ता लगानीका लागि तयार छन्। आजको यस अवसरमा युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न परिसंघले दिएको सुझाव समेत समेटी राष्ट्रिय योजना आयोगले तयार पारेको **स्टार्टअप उद्यम प्रबर्द्धनका लागि अनुदान तथा कर्जा प्रवाह कार्यविधी २०७८ तत्काल पास गरी कार्यान्वयनमा लैजान** म सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष हार्दिक आग्रह गर्दछु।

(च) परिसंघले अनुसन्धानमा आधारित नीति तथा कार्यक्रमहरू तर्जूमा गर्ने उद्देश्यले एक अनुसन्धान इकाई (Research Cell) को स्थापना गरेको छ। अनुसन्धान इकाईले उद्योगहरूको वास्तविक अवस्थाको बारेमा त्रैमासिक रुपमा “औद्योगिक अवस्थिति प्रतिवेदन” प्रकाशन गर्न सुरु गरेको छ। यो प्रकाशन सरकारी, सार्वजनिक, विकास

साझेदार तथा निजी क्षेत्रका लागि तथ्यमा आधारित नीति निर्माणमा उपयोगी हुने अपेक्षा गरेका छौं।

(छ) यसैगरी, Employer led Labour Market Secretariat (ELMS) परियोजना नेपाल उद्योग परिसंघ, अरु निजी क्षेत्रका संगठनहरूको संलग्नता एवं साझेदारी तथा British Council–Dakchyata: TVET Practical Partnership Programme को सहयोगमा कार्यान्वयन भईरहेको छ। नेपालको इतिहासमा पहिलो पटक निजी क्षेत्रका संगठनहरू मिलेर श्रम बजारको आवश्यकता, माग अनुरुप कार्य गर्न ELMS परियोजना सञ्चालनमा छ।

(ज) दीगो पूर्वाधारमार्फत देशको समग्र विकास गर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ। उच्च अंकको आर्थिक बृद्धि हासिल गर्न पूर्वाधारमा लगानी बाध्यकारी छ। सोही अवधारणालाई आत्मसाथ गर्दै विकासका लागि पूर्वाधार "Infrastructure for Growth" Theme मा आधारित रहेर Nepal Infrastructure Summit को चौथो संस्करण आगामी भदौ २३ र २४ गते (सेप्टेम्बर ८ र ९, २०२२) काठमाडौंमा आयोजना गर्न गइरहेका छौं। यस समिटमा दीगो पूर्वाधारका लागि लगानी प्रबर्द्धन, पूर्वाधार क्षेत्रको विकासका अवरोधहरू लगायतका विषयमा राष्ट्रिय, अन्तर्राष्ट्रिय पूर्वाधार विज्ञ, लगानीकर्ता, तीनै तहका सरकार, निजी क्षेत्रका प्रतिनिधिबीच गहन रुपमा छलफल हुनेछ।

**सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरू, अतिथिज्यूहरू,**

४. नेपाल सरकारले चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा निजी क्षेत्रको तर्फबाट परिसंघले दिएका सुझावहरू सम्बोधन गरेर हामीलाई उत्साह प्रदान गरेको छ।

(क) सरकारले बजेटमा स्वदेशी वस्तुको उत्पादन र उपभोग बढाउन परिसंघले संचालन गरिरहेको मेक इन नेपाल अभियानलाई उच्च प्राथमिकतामा राखेकोमा सम्माननीय प्रधानमन्त्रीज्यू, उद्योगमन्त्रीज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु।

(ख) बजेटमा सार्वजनिक निजी साझेदारीका कार्यक्रमहरू घोषणा भएको छ। औद्योगिक क्षेत्रको निर्माण एवं संचालन, खनिजजन्य उत्पादन, प्रसारण लाइन, भौतिक पूर्वाधार जस्ता महत्वपूर्ण क्षेत्रमा निजी क्षेत्रको संलग्नता प्रोत्साहित गर्ने नीति समयमै र प्रभावकारी ढंगले कार्यान्वयन हुने स्थिती बनेमा आर्थिक विकासका लागि देशमा

सकारात्मक उर्जा प्रदान गर्ने विश्वास लिएका छौं। त्यसका लागि निजी क्षेत्रकोतर्फबाट जे जस्तो सहयोग, सहकार्य गर्नुपर्ने हो, नेपाल उद्योग परिसंघ हरतरहले सहयोग गर्न प्रतिवद्ध रहेको व्यहोरा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूसमक्ष अनुरोध गर्न चाहन्छु।

(ग) नेपाल उद्योग परिसंघले यस वार्षिक साधारण सभाको Theme लगानी, उत्पादन र निर्यात राखेको छ। लगानी विस्तार, उत्पादन बृद्धि र निर्यात प्रबर्द्धन नेपालको दिगो विकासको सूत्र हो।

हामीले निर्यात प्रवर्द्धनका लागि नगद अनुदान बढाउन सुझाव दिएका थियौं। हाम्रो सुझावलाई सरकारले मनन् गरी निर्यातमा ८ प्रतिशतसम्म नगद अनुदान दिने व्यवस्था गरेको छ। फलस्वरुप नेपालको इतिहासमै पहिलो पटक नेपालबाट भारतमा नेपाल उद्योग परिसंघको सदस्यबाट सिमेन्टको निर्यात सुरु भएको छ। सिमेन्ट पछि नेपालबाट भारत छडको निर्यात पनि सुरु भएको छ। निजी क्षेत्रलाई थोरै प्रोत्साहन गर्दा नै त्यसको सकारात्मक प्रभाव पर्छ भन्ने यो एक ठोस उदाहरण हो। यसबाट अब विस्तारै अन्य स्वदेशी उत्पादन विदेश निर्यात हुनेछन्। र, व्यापार असन्तुलन न्यून गराउन महत्वपूर्ण भूमिका खेल्नेछन् भन्नेमा हामी विश्वस्त छौं। **यस्तो सुविधा मूल्य अभिवृद्धि गर्ने अन्य स्वदेशी उत्पादनहरूलाई पनि दिनु पर्ने परिसंघको सुझाव छ।**

**सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरू, अतिथिज्यूहरू,**

५. समृद्ध मुलुक हामी सबैको चाहना हो। हाम्रै पालामा नेपाल विकसित मुलुकमा स्तरोन्नती भएको हेर्ने अभिलाषा हामी सबैको छ। यसका लागि स्पष्ट दृष्टिकोण, निश्चित लक्ष्य, दृढ अठोट र विश्वास अपरिहार्य छ। **उद्योग व्यवसाय मैत्री नीति र उद्योगी व्यवसायीहरूप्रतिको सम्मानको आधारशिलामा स्थानीय स्रोत, साधनको समुचित प्रयोग मार्फत उच्च अंकको आर्थिक बृद्धि हासिल गरी मुलुकलाई विश्वको आकर्षण केन्द्र बनाउन सकिनेछ।** अहिले हामीले अन्य मुलुकहरूलाई उदाहरणको रुपमा लिने गरेका छौं, अब हामी विश्वका लागि उदाहरण बन्न चाहन्छौं। हामी सबैको स्पष्ट दृष्टिकोण र सकारात्मक सहकार्य हुने हो भने विकसित मुलुकको चाहना हाम्रै समयमा पनि सम्भव छ भन्ने दृढता व्यक्त गर्न चाहन्छु।

६. यसै अभिलाषालाई मूर्तरुप दिन हाम्रा समक्ष देखिएका चुनौतिलाई क्रमशः समाधान गर्दै जानु पर्ने देखिन्छ। यसका लागि नेपाल सरकारको तर्फबाट थप सहयोग र सहकार्यको

अपेक्षा परिसंघले गरेको छ। अब म निजी क्षेत्रले समाना गरिरहेका केही चुनौतिहरू र हाम्रा अपेक्षाहरूलाई प्रस्तुत गर्न अनुमति चाहन्छु।

(क) कोभिड १९ महामारीका कारण विश्व अर्थतन्त्र शिथिल भयो। त्यसबाट हाम्रो अर्थतन्त्र पनि नराम्रोसँग प्रभावित भयो। लगानी विस्तार हुन सकेन, उद्योगहरूले क्षमता अनुसार उत्पादन गर्न सकेनन्। आर्थिक गतिविधि ठप्प प्रायः हुँदा आर्थिक वर्ष २०७६/७७ मा हाम्रो अर्थतन्त्र २.१२ प्रतिशतले ऋणात्मक रहन गयो। कोडिभको असरबाट विस्तारै बाहिर आउन लागिरहेको बेलामा लगानी योग्य रकमको अभावले उद्योगी व्यवसायीलाई पिरोलेको छ। उद्योगी व्यवसायीहरूले बैंकबाट कर्जा पाइरहेका छैनन्, जसका कारण लगानी विस्तार हुन सकिरहेको छैन्। बजारमा माग घटिरहेको छ। जसरी कोडिभको बेलामा अर्थतन्त्र चलायमान हुन नसक्दा अर्थतन्त्र ऋणात्मक रहन पुग्यो, त्यसैगरी अहिले लगानी विस्तार हुन नसक्दा, मागमा निरन्तर गिरावट आउँदा अर्थतन्त्रमा थप जोखिम पर्न सक्ने चिन्ता र कसरी समाधान गर्न सकिन्छ भन्ने चासो हामीलाई छ।

(ख) लगानीयोग्य तरलताको अभाव, भुक्तानी असन्तुलन, विश्व भू-राजनीति र मूल्यबृद्धि, Stagflation उन्मुख अवस्था, औद्योगिकरण, निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन र खुम्चिदो समग्र माग अर्थतन्त्रका विद्यमान चुनौती हुन्। **अर्थतन्त्रका यस्ता चुनौती सामान गर्दै सरकारले बजेटमार्फत लिएको ८ प्रतिशतको आर्थिक बृद्धि हासिल गर्न विशेषगरी प्रत्यक्ष वैदेशिक लगानी र उद्योग क्षेत्रमा दोस्रो चरणको आर्थिक सुधारको अभियान सञ्चालन गर्नुपर्ने** आवश्यकता हामीले महसुस गरेका छौं।

(ग) घ्यू, तेल, वायर रड, स्यानेटरी प्याड, कपडालगायतका उद्योगहरूलाई स्वदेशी एवं भारतीय नीतिका कारण निकै अप्ठ्यारोमा पारेको छ। खर्बौको लगानी भएका र हजारौंलाई रोजगारी दिइरहेका यस्ता उद्योगहरूको संरक्षणका लागि हाल अर्थमन्त्रालयको समेत जिम्मेवारी सम्हालीरहनु भएका सम्माननीय प्रधानमन्त्रीज्यूलाई विशेष अनुरोध गर्दछु। साथै यस विषयमा उद्योगमन्त्रीज्यू एवं नेपाल सरकारका सम्बन्धित निकायहरूले समेत यथाशीघ्र सम्बोधन गरिदिनु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

(घ) नेपालको पर्यटन क्षेत्र विदेशी मुद्रा आर्जनको एक महत्वपूर्ण स्रोत हो। युरोप र अमेरिका जस्ता देशबाट गुणस्तरीय पर्यटक भित्र्याउन आवश्यक छ। युरोपका पर्यटक धेरै खर्च गर्ने मध्येमा पर्छन्। उनीहरू नेपाल भ्रमण गर्न रुचाउँछन्। तर, युरोपियन

युनियनले नेपाललाई सन् २०१३ देखि हवाई सुरक्षा सूचीमा समावेश गरेदेखि युरोपेली देशसँग हाम्रो सिधा हवाई सम्पर्क टुटेको छ। यसलाई सकेसम्म छिटो हटाउन हामीले ठोस पहल गर्न जरूरी छ।

२०७८ साउन १८ गते राष्ट्रिय सभाबाट पारित भइसकेका नेपाल हवाइ सेवा प्राधिकरण विधेयक, २०७६ र नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६ प्रतिनिधिसभामा विचाराधीन अवस्थामा छन्। **यी विधेयक प्रतिनिधिसभाबाट पारित हुन नसक्दा नेपालको युरोपेली बजारसँगको सिधा हवाई सम्पर्क पुनः जोड्ने प्रक्रिया अगाडि बढ्न सकेको छैन।** युरोपेली युनियनले हवाई सुरक्षा सूचीमा राख्दा नेपाल भ्रमणमा आउन चाहने पर्यटकले महँगो बिमा शुल्क तिर्नुका अतिरिक्त नेपाल भ्रमणमा नै शंका गरिरहेको अवस्था छ। **प्रतिनिधिसभामा विचाराधीन यी दुई विधेयकलाई तत्काल पारित गराउन विशेष पहलकदमी लिन हामी सम्माननीय प्रधानमन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्न चाहन्छौं।**

**सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरू, अतिथिज्यूहरू,**

(ङ) सूचना प्रविधि क्षेत्रबाट विदेशी मुद्रा आर्जन गर्ने प्रचुर अवसर राज्यलाई छ। सूचना प्रविधि निर्यातमा सत् प्रतिशत मूल्यअभिबृद्धि (भ्यालु एडिसन) हुने भएकाले यस क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ। नेपालको सूचना प्रविधि क्षेत्रमा रहेको दक्ष जनशक्ति, सस्तो विद्युत, मौसमलगायतका दृष्टिकोणले सूचना प्रविधिको विकासका लागि नेपाल उपयुक्त ठाउँ रहेको छ। सूचना प्रविधि (आइटी) पार्कको अवधारणालाई कार्यान्वयन गरी निजी क्षेत्रको सहभागितामा बनाउन हार्दिक अनुरोध गर्दछु।

(च) विदेशी मुद्रा आर्जन गर्ने र व्यापार घाटा न्यूनिकरणमा सहयोग गर्ने अर्को महत्वपूर्ण क्षेत्र उर्जा हो। पछिल्लो समयमा भारतमा विद्युत निर्यात गरेर चालु आर्थिक वर्षमा ५ अर्ब, आउँदो वर्ष २० अर्ब र पाँच वर्षपछि ७० अर्बको विद्युत निर्यात गर्ने प्रक्षेपण रहेको छ। जलविद्युत क्षेत्रमा नेपालको निजी क्षेत्रले जोखिम मोलेरै उदाहरणीय उद्यमशीलताको प्रदर्शन गरिरहेका छन्। हाल २२०० मेगावाट जडित विद्युत उत्पादनमध्ये निजी क्षेत्रको ६० प्रतिशत योगदान रहेको छ र सन् २०२६ सम्ममा ७ हजार मेगावाट उत्पादन गरी ८० प्रतिशत पुग्नेछ। **विद्युतको बजार अभावका कारण ११ हजार मेगावाट बढीको पीपीए रोकिरहेको छ। यसले निजी क्षेत्रको लगानी जोखिममा परेको छ।** विद्युत खपत र उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउन उद्योगहरूलाई सहुलियतमा विद्युत उपलब्ध गराउन र विद्युत खपत बढाउन भारत

र बंगलादेशसँग दीर्घकालिन निर्यात बजार विकास गर्न नेपाल सरकारलाई ठोस पहल गर्न हामी अनुरोध गर्दछौ। **विद्युत व्यापारमा निजी क्षेत्रको संलग्नता र आफै विजुली उत्पादन गरेर आफ्नो उद्योगमा आपूर्ति गर्न चाहेमा ह्वीलिङको व्यवस्था सुनिश्चित गर्न पनि अनुरोध गर्दछु।**

(छ) कृषि क्षेत्रका लागि उर्वर भूमी भएर पनि वर्षेनी अर्बौ रुपैयाँको कृषिजन्य उपज आयात भईरहेको छ। आर्थिक वर्ष २०७८/७९ को ११ महिनामा मात्रै १६ अर्ब बढीको मकै, १५ अर्ब बढीको धान, ६ अर्ब बढीको स्याउ, करिब ५ अर्बको चिनी, करिब ४ अर्बको तोरी आयात भईसकेको छ। कृषि प्रधान मुलुक भएर पनि उत्पादन प्रोत्साहन नगर्नुको परिणाम हो यो। त्यसैले कृषि उत्पादन बढाउनेतर्फ हाम्रो ध्यान जान आवश्यक छ।

(ज) बढ्दो Unauthorized trade का कारण स्वदेशी उद्योगहरू मर्कामा परेका छन्। मर्कामा परेका स्वदेशी उद्योगहरूको संरक्षण गर्न अपरिहार्य रहेको वस्तुस्थितितर्फ सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यू र उच्च पदस्थ पदाधिकारीहरूको ध्यानाकर्षण गराउन चाहन्छु।

(झ) निजी क्षेत्रबाट उठाइएका आर्थिक तथा कानुनी विषयका सुझावहरूमा सरकारबाट सकारात्मक सोच व्यक्त हुँदै आएको छ। तर कानुनलाई अन्तिम रुप दिने समयमा निजी क्षेत्र मैत्री नहुने गरेको हाम्रो नमिठो अनुभव छ। निजी क्षेत्रसँग सम्बन्धित कानून सुधार गर्नुपर्ने विषयमा सैद्धान्तिक रुपमा सहमत हुने तर सुधार गर्न धेरै समय लगाउने परिपाटीलाई हटाउन प्रधानमन्त्रीज्यूमार्फत सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छौं। एउटा कानूनले काम गर्न सहजता प्रदान गर्ने तर अर्को कानूनले रोक्ने प्रबृत्तिले निजी क्षेत्र आज पनि सशंकित छ। उद्योगी व्यवसायीहरूले औद्योगिक व्यवसाय ऐनले दिएको सुविधा समेत एकातिर सम्पूर्ण रुपले उपयोग गर्न सकेका छैनन् भने अर्कोतर्फ कालोबजारी ऐन जस्ता अन्य ऐनहरूमा रहेका अव्यवहारिक प्रावधानहरूले उद्योगी व्यवसायीहरूलाई हतोत्साहित गर्ने गरेको छ। यस्ता विषयलाई सम्बोधन गर्न परिसंघले उठाउँदै आएका कानूनका सुधारहरूमा सरकारले गम्भिर ध्यान दिनुपर्ने आवश्यकता छ।

७. उद्योगी व्यवसायीहरूले समाना गर्नु परेको चुनौतीहरू र हाम्रा अपेक्षाहरू यस गरिमामय उपस्थितिमा प्रस्तुत गर्दै गर्दा लगानीमैत्री वातावरणका लागि सरकारले केही गरेको छैन भन्ने अर्थमा नलिन म हार्दिक अनुरोध गर्दछु।

८. गत आर्थिक वर्षको सुरुको पहिलो ६ महिनामा काभिड १९ को सप्रेष्ड डिमाण्डको कारणले गर्दा माग र आयातमा असाधारण बृद्धि, निक्षेप र लगानी बीचको असन्तुलनले तरलतामा, स्वधनान्तर स्थिति र विदेशी मुद्रा संचितीमा दबाब निम्त्याएको थियो। तर पछिल्लो ६ महिनादेखि विदेशी मुद्रा संचिती घट्ने दरमा सुधार आएको छ भने पछिल्लो महिनामा बढेको छ। यसैगरी शोधनान्तरस्थितीमा पनि सुधार आउँदै गरेको देखिन्छ। **पर्यटन तथा विप्रेषण आयमा क्रमिक सुधार भई समग्र अर्थतन्त्र सकारात्मकतर्फ गइरहेको बेला चालु आर्थिक वर्षका लागि सार्वजनिक भएको मौद्रिक नीति कसिलो खालेको आएको छ। हरेक तीन महिनामा समीक्षा हुने मौद्रिक नीतिले उद्योग तथा निर्यातयोग्य उत्पादनलाई सहजता प्रदान गर्ने नीति अबलम्बन गर्नुपर्ने हाम्रो सुझाव छ।** अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घट्दो क्रममा छ। यसले पनि नेपालको समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएका छौं।

**सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरू, अतिथिज्यूहरू,**

९. बजेट कार्यान्वयनको अवस्था कमजोर रहने गरेको अनुभवबाट पाठ सिक्दै पहिलो पटक परिसंघले बजेटमा गरिएको व्यवस्था कार्यान्वयनका लागि स्पष्ट खाका तयार पारेको छ। परिसंघले बजेटले निर्दिष्ट गरेका लक्ष्यहरू हासिल गर्न सघाउ पुग्ने गरी औद्योगिक विकास, मेक इन नेपालः स्वदेशी, भूमी, उर्जा, नवप्रवर्तन, निर्यात प्रवर्द्धन, प्रत्यक्ष वैदेशिक लगानी, कृषि, पूर्वाधार, पर्यटन, साना तथा मझौला उद्योग, **सार्वजनिक निजी साझेदारी सम्बन्धी बजेटमा समावेश भएका ५१ वटा बुँदाहरूलाई कार्यान्वयन गर्न एक मार्गचित्र तर्जूमा गरेको छ।** आजको यस कार्यक्रममा प्रधानमन्त्रीज्यूमार्फत उद्योगमन्त्रीज्यू, मुख्यसचिवज्यू, सचिवज्यूहरू, कार्यान्वयन गर्ने निकाय एवं यहाँ उपस्थिती सबै अतिथिज्यूहरूलाई सो पुस्तिका उपलब्ध गराउनेछौं।

**१०. सरकारले नयाँ औद्योगिक क्षेत्र विस्तार गर्ने, औद्योगिक प्रबर्द्धन गर्ने कुरा गरिरहेको छ। तर, संचालनमा रहेका औद्योगिक क्षेत्रमा भाडा बढाउने निर्णय गर्दै उद्योगहरुलाई निरुत्साहित गर्ने काम पनि गरिरहेको छ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले २०८९ असार २२ गते देशभर संचालनमा रहेका १० वटै औद्योगिक क्षेत्रहरुमा हाल कायम रहेको भाडादरमा ६८७ प्रतिशतले बढाउने निर्णय छ। सो निर्णय २०७५ सालमा पनि गरेको थियो, तर तत्कालिन उद्योग मन्त्रीज्यूले लागू गर्न दिनुभएको थिएन। अहिले २०७५ सालदेखि नै ६८७ प्रतिशतले बढाइएको भाडा तिर्नुपर्ने औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको निर्णय न्यायोचित छैन र यसले उद्योगहरुलाइ निरुत्साहित गर्नेछ। औद्योगिक क्षेत्रले उद्योगहरुबाट भाडा लिएर आम्दानी गर्ने होइन, उद्योगहरुलाई प्रबर्द्धन गर्ने हो।**

**त्यसैले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सो निर्णय तत्काल फिर्ता गराएर सहज वातावरण बनाइदिनहुन प्रधानमन्त्रीज्यू, उद्योगमन्त्रीज्यू समक्ष हार्दिक आग्रह गर्दछौं ।**

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

११. **समृद्धि सपना वा चाहना होइन, यो आवश्यकता हो। सरकार एक्लैको प्रयासबाट समृद्धि हासिल हुन सक्दैन। निजी क्षेत्रको प्रयासबाट मात्रै पनि सम्भव छैन। सरकार र निजी क्षेत्रबीचको सहकार्यबाट नै यो उपलब्धी हासिल हुन सक्छ। समृद्धिको आधार निजी क्षेत्र भएकाले निजी क्षेत्रलाई विश्वासमा लिने र लगानीका लागि प्रोत्साहित गरिरहने जिम्मेवारी राज्यको हो। उपयुक्त वातावरण भएमा निजी क्षेत्र लगानी विस्तार, उद्योग स्थापना, रोजगारी सिर्जना गर्न, बढी भन्दा बढी राजश्व तिर्न पनि आतुर छ।** निजी क्षेत्रले जोखिम व्यहोरेर आफ्नो मेहेनतबाट पूँजीको सिर्जना गर्छ। निजी क्षेत्र र नाफा प्रतिको दृष्टिकोण फेर्न आवश्यक छ। कसैले गलत गरेको छ भने उसैलाई मात्र गलत भन्नु पर्छ। समग्र निजी क्षेत्रलाई हतोत्साहित गर्न हुँदैन। जसरी एउटा प्राणीलाई सवल र सक्षम रुपमा हुर्कन स्वच्छ र स्वस्थ वातावरण चाहिन्छ, त्यसैगरी सम्वृद्धिको सारथी निजी क्षेत्रको विकासका लागि पनि अनुकूल वातावरण चाहिन्छ। **हामी सरकारसँगै सहकार्य गर्छौं, जनताको समृद्धिको चाहना पूरा गर्न सँगसँगै हिड्न चाहन्छौं, केवल सरकारले हामीलाई सहयोगी हात देओस्, आवश्यक परेको बेलामा दरिलो साथ देओस्।**

११. अन्त्यमा आफ्नो महत्वपूर्ण समय दिएर हामीलाई हौसला प्रदान गरिदिनुभएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय उद्योग मन्त्रीज्यूसहित उपस्थित सम्पूर्ण अतिथि महानुभावहरूमा उपस्थिती र प्रोत्साहनका लागि हार्दिक आभारसहित पुनः स्वागत गर्दछु। धन्यवाद।

**८ श्रावण २०७९, काठमाडौं।**